# ग्लोबल फण्ड कार्यक्रम सञ्चालनका लागि कर्मचारी व्यवस्थापन सम्बन्धी निर्देशिका, २०८१

<u>प्रस्तावना</u>: ग्लोबल फण्ड (The Global Fund to Fight AIDS, Tuberculosis, and Malaria) सन् २००२ मा स्थापना भएको अन्तर्राष्ट्रिय वित्तीय संस्थाले नेपालमा एच.आई.भी./एड्स, क्षयरोग, र औलोको रोकथाम, उपचार र हेरचाहका कार्यक्रमहरूका लागि आर्थिक सहयोग प्रदान गर्दै आएको र आगामी अनुदान चरण-७ – फेब्रुअरी २०२५ देखि जुलाई २०२७ सम्म नेपाल सरकार स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयलाई प्रमुख प्रापकर्ताको रूपमा नगद अनुदान प्रदान गर्ने सन्दर्भमा एच.आई.भी./एड्स, क्षयरोग र औलोको रोकथाम, उपचार र हेरचाहका कार्यक्रम सञ्चालन गर्न आवश्यक हुने परियोजना प्रस्तावमा उल्लेख भएबमोजिमका कर्मचारीहरू करार सम्झौताका आधारमा सेवा करारमा लिने कार्यलाई व्यवस्थित गर्नका लागि सुशासन (व्यवस्थापन तथा संचालन) ऐन, २०६४ दफा ४५ ले दिएको अधिकार प्रयोग गरी मन्त्रालयले यो निर्देशिका जारी गरेको छ।

## परिच्छेद-१

## <u>प्रारम्भिक</u>

१. <u>संक्षिप्त नाम र प्रारम्भ</u>: (१) यो निर्देशिकाको नाम "ग्लोबल फण्ड कार्यक्रम सञ्चालनका लागि कर्मचारी व्यवस्थापन निर्देशिका, २०८१" रहेको छ ।

(२) यो निर्देशिका मन्त्रालयबाट स्वीकृत भएको दिन देखि प्रारम्भ हुनेछ ।

२. <u>परिभाषा</u>: विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस निर्देशिकामा,

(क) "कर्मचारी" भन्नाले संङ्घ, प्रदेश र स्थानीय तहमा यस कार्यक्रम सञ्चालन प्रयोजनका लागि खटिएका कर्मचारी सम्झनु पर्छ।

(ख) "निर्देशिका" भन्नाले "ग्लोबल फण्ड कार्यक्रम सञ्चालनका लागि कर्मचारी व्यवस्थापन निर्देशिका, २०८१" सम्झनु पर्छ।

(ग) "कार्यक्रम" भन्नाले ग्लोबल फण्डद्वारा नेपालमा सञ्चालन हुने एच.आई.भी./एड्स, क्षयरोग, र औलोको रोकथाम, उपचार र हेरचाहसँग सम्बन्धित कार्यक्रम सम्झनु पर्छ।

(घ) "कार्यविवरण" भन्नाले स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले स्वीकृत गरेको यस कार्यक्रम सञ्चालन प्रयोजनका लागि करार सेवामा नियुक्ति गरिने कर्मचारीहरूको कार्यविवरण सम्झनुपर्दछ।

(ङ) "कार्यालय" भन्नाले सङ्घ, प्रदेश र स्थानीय तह मातहतका स्वास्थ्य सेवा प्रवाह गर्ने निकायहरु र मन्त्रालयबाट आवश्यकताको आधारमा पछि थप हुने अन्य कार्यालय समेतलाई जनाउँछ।

(च) "ग्लोबल फण्ड" भन्नाले The Global Fund to Fight AIDS, Tuberculosis, and Malaria भन्ने संस्थालाई जनाउँदछ।

(छ) "प्रदेश मन्त्रालय" भन्नाले प्रदेशस्थित स्वास्थ्य सम्बन्धी विषय हेर्ने मन्त्रालयलाई सम्झनुपर्छ।



नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालय रामशाहपथ, काठमाडौं

(ज) "मन्त्रालय" भन्नाले नेपाल सरकार स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयलाई बुझ्नुपर्छ।

(झ) "विभाग" भन्नाले स्वास्थ्य सेवा विभागलाई बुझ्नुपर्छ।

(ञ) "समिति" भन्नाले दफा ६ बमोजिम गठित पदपूर्ति तथा सिफारीश समिति सम्झनु पर्दछ।

## परिच्छेद-२

## कर्मचारी नियुक्ति सम्बन्धी व्यवस्था

३. छनौट सम्बन्धी व्यवस्था: (१) कार्यक्रम सञ्चालनको लागि अनुसूची-१ बमोजिमका कर्मचारीहरू रहनेछन।

(२) उपदफा (१) बमोजिमका कर्मचारीहरुको मन्त्रालयले तोकेको कार्यविवरणमा उल्लेख भए बमोजिम हुनेछ।

(३) कार्यक्रम सञ्चालन गर्नको लागि समितिले अनुसुची-१ बमोजिमका आवश्यक कर्मचारीहरु सेवा करारमा लिई पदपुर्ति गर्नेछ।

(४) कार्यक्रमको लागि आवश्यक कर्मचारी सेवा करारमा लिनको लागि समितिले सात दिनको म्याद दिई अनुसूची-३ बमोजिमको ढाँचामा राष्ट्रिय स्तरको समाचारपत्रमा सूचना प्रकाशन गर्नु पर्नेछ।

(५) सूचनामा प्रकाशित पदको लागि उम्मेदवार हुन चाहने योग्यता पुगेको व्यक्तिले सूचनामा तोकिएको म्यादभित्र अनुसूची-४ बमोजिमको ढाँचामा आवेदन फाराम भरी पेश गर्नु पर्नेछ। आवेदन फाराम अनलाईन माध्यमबाट भर्ने व्यवस्था मिलाईनेछ।

(६) उपदफा (५) बमोजिम फारम भर्दा कुनै आवेदन शुल्क लिइने छैन।

(७) उपदफा (४) बमोजिम प्रकाशित सूचना अनुसार प्राप्त हुन आएका आवेदन उपर छानबिन गर्दा रित पुगेको र सूचनामा उल्लिखित योग्यताहरु पुरा भएको आवेदन मात्र स्वीकृत गरिनेछ। झुटा विवरण पेश गरेको पाईएमा पदपुर्ति समितिले कुनै पनि समयमा आवेदन रद्द गर्न सक्नेछ।

(८) उपदफा (५) बमोजिम पर्न आएका आवेदनहरु देहायका मापदण्डको आधारमा समितिले मूल्याङ्कन गरी सूचिकृत गर्नुपर्नेछ:

(क) शैक्षिक योग्यता – पाँच (५) अङ्क

(ख) कार्य अनुभव – दश (१०) अङ्क

(ग) लिखित परीक्षा – ५० (पचास) अङ्क।

(घ) प्रस्तुतीकरण – २० (बीस) अङ्क। यस अनुसार अङ्क प्रदान गर्दा न्युनतम अङ्क जम्मा अंकको ४०% र अधिकतम अंक जम्मा अंकको ७०% को सीमाभित्र रहि अङ्क प्रदान गर्नुपर्नेछ।

(ङ) अन्तरवार्ता – १५ (पन्ध्र) अङ्क। यस अनुसार अङ्क प्रदान गर्दा न्युनतम अङ्क जम्मा अंकको ४०% र अधिकतम अंक जम्मा अंकको ७०% को सीमाभित्र रहि अङ्क प्रदान गर्नुपर्नेछ।

समितिले अङ्क प्रदान गर्दा देहायबमोजिमको प्रक्रिया अपनाउनुपर्नेछः

| मापदण्ड | न्यूनतम अङ्कभार | थप अङ्कभार | अधिकतम अङ्कभार |
|---|---|---|---|
| शैक्षिक योग्यता | ३ | • न्यूनतम शैक्षिक योग्यताबापत प्रथम श्रेणी वा सो भन्दा माथिल्लो श्रेणी प्राप्त गरेको भएमा – थप १ अङ्क<br>• न्यूनतम शैक्षिक योग्यताभन्दा माथिल्लो शैक्षिक योग्यता भएमा – थप १ अङ्क | ५ |
| कार्य अनुभव | ४ | • न्यूनतम कार्य अनुभव भन्दा थप कार्य अनुभवको लागि प्रति वर्ष थप २ अङ्कभार दिईने। | १० |
| प्रस्तुतीकरण | ८ | • प्रस्तुतीकरणको नतिजालाई मात्र आधार मान्ने। थप अङ्कभार नदिईने। | १४ |
| अन्तरवार्ता | ६ | • अन्तरवार्ताको नतिजालाई मात्र आधार मान्ने। थप अङ्कभार नदिईने। | १०.५ |

द्रष्टव्यः न्यूनतम शैक्षिक योग्यता भन्नाले कार्यविवरणमा उल्लेख गरिए बमोजिमको न्यूनतम शैक्षिक योग्यता सम्झनु पर्छ।

(९) उपदफा (८) मा जुनसुकै कुरा लेखिएको भएतापनि सहायक कर्मचारीको छनौट लिखित तथा अन्तर्वार्ताको आधारमा गरिनेछ। सोको लागि लिखितलाई ७० र अन्तर्वार्तालाई ३० अङ्कभार दिइनेछ र दुबैको लागि न्यूनतम प्राप्ताङ्क पूर्णाङ्कको ४० प्रतिशत र अधिकतम प्राप्ताङ्क ७० प्रतिशतसम्म दिन सकिनेछ।

(१०) अनुसूची-१ बमोजिमका कर्मचारीहरूलाई दिईने तलवस्केल अनुसूची-२ बमोजिम हुनेछ। कर्मचारीहरूको अन्य सेवा/सुविधा करारमा उल्लेख भए बमोजिम हुनेछ।

४. **सूचीकरणको विवरण प्रकाशन गर्नेः** (१) समितिले दफा ३ बमोजिम मुल्याङ्कन गरी शैक्षिक योग्यता, कार्यअनुभव, लिखित परीक्षा, प्रस्तुतीकरण समेतका आधारमा सबैभन्दा बढी अङ्क प्राप्त गर्ने मुख्य उम्मेदवारहरुको सिफारिस गरी योग्यताक्रम अनुसारको नामावली प्रकाशन गर्नेछ।

(२) उपदफा (१) बमोजिम नामावली प्रकाशन गर्दा माग गरिएको पद संख्या भन्दा दोब्बर संख्यामा वैकल्पिक उम्मेदवारको सूची प्रकाशन गर्नुपर्नेछ।

तर आवेदन नै कम परेको अवस्थामा कम उम्मेदवार सूचीकरण गर्न सकिनेछ।

(३) उपदफा (१) बमोजिमका योग्यताक्रममा रहेका उम्मेदवारलाई ईमेलमार्फत जानकारी गराई सोको अभिलेख समेत राख्नुपर्नेछ।



नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालय रामशाहपथ, काठमाडौं

५. करार गर्नेः (१) समितिले छनौट गरी सिफारिस गरेका मुख्य उम्मेदवारलाई मन्त्रालय/ प्रदेश मन्त्रालयले सात दिनको म्याद दिई करार गर्न सूचना दिनुपर्नेछ।

(२) उपदफा (१) बमोजिमको अवधिभित्र करार सम्झौता गर्न आउने सूचिकृत उम्मेदवारसँग मन्त्रालयले स्वीकृत गरेको कार्यविवरण सहित अनुसूची- ५ बमोजिमको ढाँचामा करार गर्नुपर्नेछ। उक्त अवधि भित्र सम्पर्क राख्न नआएमा क्रमशः वैकल्पिक उम्मेदवारलाई सूचना दिई करार गर्न सकिनेछ।

(३) उपदफा (२) बमोजिम करार गरे पश्चात समितिले छनौट गरिएका कर्मचारीहरूलाई काम गर्ने कार्यालय र कार्यविवरण तोकी अनुसूची-६ बमोजिमको पत्र दिनुपर्नेछ।

## परिच्छेद-३

## पदपूर्ति, सिफारिस तथा सुनुवाई समिति

६. पदपूर्ति तथा सिफारिस समितिको गठनः (१) यस निर्देशिका बमोजिम ग्लोबल फण्ड कार्यक्रम सञ्चालनका लागि कर्मचारी छनौट तथा सिफारिस गर्न देहाय बमोजिमको समिति गठन गरिनेछः

**सङ्घ अन्तर्गत पदपूर्ति तथा सिफारिस समितिः**

(क) ग्लोबल फण्ड कार्यक्रमसंग सम्बन्धित महाशाखा/केन्द्र प्रमुखहरूमध्ये वरिष्ठतम् प्रमुख - संयोजक

(ख) स्वास्थ्य समन्वय महाशाखा प्रमुख, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय - सदस्य

(ग) आर्थिक प्रशासन शाखा प्रमुख (उपसचिव लेखा), स्वास्थ्य सेवा विभाग - सदस्य

(घ) कानुन शाखा प्रमुख (उपसचिव कानुन), स्वास्थ्य तथा जनसंख्या मन्त्रालय - सदस्य

(ङ) आन्तरिक प्रशासन शाखा प्रमुख (उपसचिव प्रशासन), स्वास्थ्य तथा जनसंख्या मन्त्रालय -सदस्य सचिव

**प्रदेश अन्तर्गत पदपूर्ति तथा सिफारिस समितिः**

(क) निर्देशक, प्रदेश स्वास्थ्य निर्देशनालय - संयोजक

(ख) प्रदेशको स्वास्थ्य विषय हेर्ने मन्त्रालयको नीति योजना तथा जनस्वास्थ्य महाशाखा प्रमुख - सदस्य

(ग) सम्बन्धित विषय विज्ञ २ जना - सदस्य

(घ) स्वास्थ्य निर्देशनालयको प्रशासन महाशाखा प्रमुख - सदस्य सचिव

७. **पदपूर्ति समितिको काम, कर्तव्य र अधिकारः** (१) समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) पदपूर्तिका लागि सूचना प्रकाशन गर्ने,

(ख) लिखित तथा अन्तर्वार्ताको लागि आवश्यकताको आधारमा दक्ष/विज्ञहरुको छनौट गर्ने,

(ग) मर्यादित, तटस्थ र निष्पक्ष ढङ्गले कर्मचारी छनौट सम्बन्धी कार्य गर्ने गराउने,

(घ) कर्मचारी छनौट गरी नियुक्तिको लागि मन्त्रालयलाई सिफारिस गर्ने,

(ङ) कर्मचारी छनौट सम्बन्धी कुनै समस्या देखिएमा बाधा अड्काउ फुकाउने,

(च) सेवा करार गरिएका कर्मचारीका सम्बन्धमा परेका उजुरीहरूको अनुसन्धान गर्ने,

(छ) कार्य सन्तोषजनक नभएका र गलत आचरण पुष्टि भएका कर्मचारीको सेवा करार रद्द गर्ने,

नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालय रामशाहपथ, काठमाडौं

(ज) पदपूर्ती, सिफारिस तथा सुनुवाई सम्बन्धी अन्य कार्यहरू गर्ने।

## परिच्छेद-४

## उम्मेदवारको योग्यता र कार्य शर्त सम्बन्धी व्यवस्था

८. **उम्मेदवारको योग्यताः** (१) यस निर्देशिका अनुसार सेवा करारमा लिने उम्मेदवारको न्युनतम योग्यता देहाय बमोजिमको हुनेछः

(क) नेपाली नागरिक हुनुपर्ने,

(ख) आवेदन दिने अन्तिम दिनसम्म १८ वर्ष उमेर पुरा भई ५५ वर्ष ननाघेको,

(ग) सूचना प्रकाशनमा गर्दा माग गरे अनुसार मान्यता प्राप्त शिक्षण संस्थाबाट सम्बन्धित विषयमा न्यूनतम शैक्षिक योग्यता प्राप्त गरेको,

(घ) नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट कसुरदार नठहरिएको,

(ङ) भविष्यमा सरकारी सेवाको निमित्त अयोग्य ठहरिने गरी बर्खास्त नगरिएको,

(च) स्वास्थ्य जनशक्तिको हकमा (लागू हुने हकसम्म) सम्बन्धित परिषद्मा दर्ता भएको।

(२) उपदफा (१) मा उल्लेख भएका न्यूनतम योग्यता बाहेक अन्य विभिन्न पदहरूको लागि आवश्यक योग्यता सूचना प्रकाशन गर्दा उल्लेख भएअनुसार हुनेछ।

९. <u>कार्य शर्तः</u> (१) यस निर्देशिका बमोजिम सेवा करार सम्झौता गरिएका कर्मचारीको कार्य शर्त मन्त्रालयले स्वीकृत गरेको कार्यविवरण अनुसार हुनेछ।

(२) मन्त्रालयले उल्लेख गरेको कार्यविवरण अनुसार सम्बन्धित कर्मचारीले काम गरे/नगरेको सुपेरीवेक्षण गर्ने काम सम्बन्धित कार्यालय प्रमुख र कार्यक्रम संयोजक तथा प्रदेशको हकमा प्रदेशस्थित सम्बन्धित कार्यालय प्रमुख र प्रदेश संयोजकको हुनेछ। कार्यक्रम संयोजक र प्रदेश संयोजकको सुपेरीवेक्षण गर्ने जिम्मेवारी सङ्घस्थित सम्बन्धित कार्यालय प्रमुख र परियोजना निर्देशकको हुनेछ।

## परिच्छेद-५

## हाजिरी, बिदा, पोशाक र परिचयपत्र सम्बन्धी व्यवस्था

१०. <u>कार्यालय समय, समय पालन र हाजिरीः</u> (१) यस निर्देशिका अन्तर्गत सेवा करारमा रहने कर्मचारीहरूले नियमित रूपमा तोकिएको कार्यालयमा नेपाल सरकारले निर्धारण गरेबमोजिमको कार्यालय समयमा उपस्थित भई कामकाज गर्नुपर्नेछ। कर्मचारीले समय पालन गरे/नगरेको निक्यौंल गर्ने काम सम्बन्धित कार्यालय प्रमुखकको हुनेछ।

नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालय रामशाहपथ, काठमाडौं

(२) उपदफा (१) बमोजिम निर्धारित समयमा कार्यालयमा उपस्थित नहुने कर्मचारीलाई सम्बन्धित कार्यालय प्रमुखले गयल गर्न सक्नेछ र उक्त विषय कर्मचारीले मासिक टाईम सिट स्वीकृत गर्ने बेला उल्लेख गरिनेछ।

११. <u>भैपरी आउने बिदा:</u> (१) कर्मचारीले वर्षभरीमा ६ दिन भैपरी आउने बिदा पाउनेछ।

(२) भैपरी आउने बिदामा बस्दा कर्मचारीले पूरा तलब पाउनेछ।

(३) भैपरी आउने बिदा आधा दिन पनि लिन सकिनेछ।

१२. <u>घर बिदा:</u> (१) कर्मचारीले महिनाको दुई दिनका दरले वर्षभरीमा जम्मा चौबीस दिन घर बिदा पाउनेछ।

(२) घर बिदामा बस्दा कर्मचारीले पूरा तलब पाउनेछ।

(३) कर्मचारीले एक वर्षमा सबै घर बिदा नलिएमा अर्को वर्षमा सञ्चित भएर जानेछ र सिञ्चित बिदा अर्को करार अवधि रहेसम्म जुनसुकै बेला लिन सकिनेछ।

(४) उपदफा (१) अनुसार घरबिदा लिँदा कम्तीमा एक हप्ता अगाडि जानकारी गराउनुपर्नेछ।

(५) उपदफा (३) अनुसारका सञ्चित घरबिदा बापत रकम उपलब्ध गराईने छैन।

(६) यदि कर्मचारीले वर्षको अन्त्य अगाडि आफ्नो वार्षिक घर बिदा समाप्त गरेमा र सोहि अवधिमा कर्मचारीको सेवा करार सकिएको खण्डमा कर्मचारीको अन्तिम तलबबाट बिदाको दिन हिसाब गरी रकम कटौती गरिनेछ।

१३. बिरामी बिदा: (१) कर्मचारीले वर्षमा बाह्र दिन बिरामी बिदा पाउनेछ।

(२) बिरामी बिदामा बस्दा कर्मचारीले पूरा तलब पाउनेछ।

(३) तीन दिनभन्दा बढि अवधिको बिरामी बिदा माग गर्ने कर्मचारीले चिकित्सकले प्रमाणित गरेको कागजात पेश गर्नुपर्नेछ।

(४) बिरामी बिदा सञ्चित हुनेछैन।

(५) यदि कर्मचारीले वर्षको अन्त्य अगाडि आफ्नो वार्षिक बिरामी बिदा समाप्त गरेमा र सोहि अवधिमा कर्मचारीको सेवा करार सकिएको खण्डमा कर्मचारीको अन्तिम तलबबाट बिदाको दिन हिसाब गरी रकम कटौती गरिनेछ।

१४. प्रसूति बिदा: (१) सेवा करारमा रहेका महिला कर्मचारी सुत्केरी हुने भएमा सुत्केरी हुनु अगाडि वा पछि गरी ९८ दिन प्रसूति बिदा पाउनेछ।

(२) प्रसूति बिदा बस्दा सेवा करारमा रहेका महिला कर्मचारीले पूरा तलब पाउनेछ।

(३) प्रसूति बिदा लिएको अभिलेख सम्बन्धित कार्यालयले अद्यावधिक बनाई राख्नुपर्नेछ।

नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालय रामशाहपथ, काठमाडौं

१५. **प्रसूति स्याहार बिदाः**(१) सेवा करारमा रहेका पुरुष कर्मचारीको पत्नी सुत्केरी हुने भएमा त्यस्तो कर्मचारीले सुत्केरी हुनु अघि वा पछि गरी पन्ध्र दिन प्रसूति स्याहार बिदा पाउनेछन्।

(२) प्रसूति स्याहार बिदा बस्दा सेवा करारमा रहेका पुरूष कर्मचारीले पूरा तलब पाउनेछ।

(३) प्रसूति स्याहार बिदा लिएको अभिलेख सम्बन्धित कार्यालयले अद्यावधिक बनाई राख्नुपर्नेछ।

(४) प्रसूति बिदा लिएको महिला कर्मचारी र प्रसूति स्याहार बिदा लिएका पुरूष कर्मचारीले सो सम्बन्धी अद्यावधिक प्रमाणपत्र पेश गर्न नसकेमा त्यस्तो बिदाको अवधि निजले पाउने अन्य बिदाबाट कट्टा गरिनेछ र सोबाट अपुग भएमा अपुग दिन बराबरको तलब कटौती गरिनेछ।

(५) उपदफा (४) बमोजिम बिदा कटाउन करार सेवा अवधि अपुग देखिने भएमा निजले सो बराबरको रकम तिर्नुपर्नेछ।

१६. **किरिया बिदाः** (१) सेवा करारमा रहेका कर्मचारीले आफ्नो कूल धर्म अनुसार आफै किरिया बस्नु परेमा पन्ध्र दिन किरिया बिदा पाउनेछ।

(२) किरिया बिदामा बस्दा कर्मचारीले पूरा तलब पाउनेछ।

१७. **सार्वजनिक बिदाः** (१) सेवा करारमा रहेको कर्मचारीले पाउने सार्वजनिक बिदाको हकमा नेपाल सरकारले राजपत्रमा सूचना प्रकाशन गरी उल्लेख गरेबमोजिम हुनेछ।

१८. **पोशाकः** (१) सेवा करारमा रहेको कर्मचारीले नेपाल सरकारको नियमानुसार पोशाक लगाउनु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको पोशाकको लागि सेवा करारमा रहेका कर्मचारीलाई वार्षिक रूपमा दश हजार पाँच सय रुपैयाँ पोशाक भत्ता उपलब्ध गराईनेछ।

१९. **परिचय पत्रः** (१) सेवा करारमा रहेका कर्मचारीको परिचय पत्र कर्मचारी कार्यरत कार्यालयले व्यवस्था गरे बमोजिम हुनेछ।

## परिच्छेद-६

## करार अवधि, परीक्षणकाल र पारिश्रमिक भुक्तानी सम्बन्धी व्यवस्था

२०. **करार अवधिः** यस निर्देशिका बमोजिम सेवा करार गर्दा नियुक्ती भएको मिति देखि वार्षिक रूपमा नवीकरण गर्ने गरी २०२७ जुलाई १५ सम्मको लागि करार सम्झौता गरिनेछ।

२१. **परीक्षण कालः** सेवा करारमा रहेको कर्मचारीको परिक्षण काल नियूक्ति भएको मिति देखि तीन महिना सम्म रहनेछ।

२२. **करार अवधि समाप्ति र निलम्बनः** (१) नियुक्ति दिँदा करार अवधि शुरूमा एक वर्षको हुनेछ र परियोजना नसकिएसम्म करार अवधि थप्न सकिनेछ।



नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या ... रामशाहपथ

(२) करार नवीकरण नगरिएमा स्वतः करार अवधि समाप्त भएको मानिनेछ र नवीकरण नगर्ने अवस्थामा सो को जानकारी कम्तीमा तीस दिनअघि गराउनुपर्नेछ।

(३) संस्थाको नियम विपरित कार्य गरेमा वा प्रचलित कानून बमोजिम गलत आचरण गरेको पुष्टि भएमा निजलाई तुरुन्तै वा सात दिनको समय दिई निलम्बन गर्न सकिनेछ।

(४) करार सम्झौता गरिएका कर्मचारीको कार्य सन्तोषजनक नभएको भनी सम्बन्धित कार्यालयले सिफारिस गरेमा मन्त्रालय/प्रदेश मन्त्रालयले आवश्यक छानविन गरी सफाइको मौका दिई करार सम्झौता रद्द गर्न सक्नेछ।

(५) कुनै कारणले ग्लोबल फण्डको अनुदान प्राप्त हुन नसकेमा जुनसुकै समयमा करार सेवा रद्द गर्न सकिनेछ।

(६) कुनै कारणले करार सम्झौता हेरफेर वा रद्द गर्नु परेमा दुबै पक्षले कारण खुलाई तीस दिन अगावै जानकारी दिनु पर्नेछ।

२३. **पारिश्रमिक भुक्तानीः** (१) कर्मचारीको पारिश्रमिक भुक्तानी गर्दा निजले महिनाभरी गरेको कामको विवरण (Time Sheet) सहितको प्रतिवेदन तयार गर्न लगाई सम्बन्धित महाशाखा प्रमुख/निर्देशक तथा प्रदेशको हकमा प्रदेश स्वास्थ्य निर्देशनालयको निर्देशकको सिफारिसको आधारमा मात्र भुक्तानी गरिनेछ।

## परिच्छेद-७

## विविध

२४. **निर्देशिकाको व्याख्याः** निर्देशिकामा समेटिएका कुनै विषयको व्याख्या गर्नु परेमा मन्त्रालयको निर्णय अन्तिम हुनेछ।

२५. **बाधा अड्काउ फुकाउः** निर्देशिका कार्यान्वयनको क्रममा बाधा अड्काउ उत्पन्न भएमा त्यस्तो बाधा अड्काउ मन्त्रालयले फुकाउन सक्नेछ।

अनुसूची-१

(दफा ३ को उपदफा (१) र (३) सँग सम्बन्धित)

स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय

**सङ्घ, प्रदेश र स्थानीय तहमा रहने जनशक्तिको विवरण**

**(क) स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयमा रहने कार्यक्रम व्यवस्थापन इकाईमा रहने कर्मचारी विवरण**

१. परियोजना निर्देशक - १ जना

२. वित्त तथा अनुदान व्यवस्थापन विज्ञ - १ जना

३. खरिद तथा आपूर्ति ब्यवस्थापन विज्ञ - १ जना

४. रणनीतिक सूचना, अनुगमन तथा मूल्यांकन विज्ञ - १ जना

५. प्रशासन तथा कार्यक्रम सहायक - १ जना

६. कार्यालय सहयोगी - १ जना

**(ख) राष्ट्रिय एड्स तथा यौनरोग नियन्त्रण केन्द्रमा रहने कर्मचारी विवरण**

१. कार्यक्रम संयोजक - १ जना

२. मेडिकल अधिकृत - १ जना

३. लेखा अधिकृत - १ जना

४. आपूर्ति व्यवस्थापन अधिकृत - १ जना

५. स्टोर अधिकृत - १ जना

६. आपूर्ति व्यवस्थापन सहायक - २ जना

७. रणनीतिक सूचना/अनुगमन र मूल्याङ्कन अधिकृत - २ जना

८. आई.टि. ईन्जिनियर - १ जना

९. कार्यक्रम सहायक - १ जना

१०. प्रशासन सहायक (कार्यालय सहयोगी) - २ जना

११. सवारी चालक - ३ जना

**(ग) राष्ट्रिय क्षयरोग नियन्त्रण केन्द्रमा रहने कर्मचारी विवरण**

१. कार्यक्रम संयोजक - १ जना

२. माइक्रोबायोलजिस्ट - १ जना

३. ल्याबोरेटोरी टेक्नोलोजिष्ट - २ जना

४. बायो मेडिकल इक्यूपमेन्ट अधिकृत - १ जना

५. आई.टि र डाटाबेस अधिकृत - १ जना

६. लेखा अधिकृत - १ जना

नेपाल सरकार स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय रामशाहपथ, काठमाडौं

७. खरिद तथा आपूर्ति व्यवस्थापन अधिकृत - १ जना

८. डकुमेन्टेशन र रिपोर्टिङ अधिकृत - १ जना

९. सवारी चालक - २ जना

१०. कार्यालय सहयोगी - १ जना

११. प्राविधिक अधिकृत (राष्ट्रिय जनस्वास्थ्य प्रयोगशाला अन्तर्गत रहने गरी) - २० जना

१२. डाटा अधिकृत (राष्ट्रिय जनस्वास्थ्य प्रयोगशाला अन्तर्गत रहने गरी) - ८ जना

**(घ) ईपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखामा रहने कर्मचारी विवरण**

१. कार्यक्रम संयोजक - १ जना

२. माईक्रोबायोलोजिस्ट - १ जना

३. एन्टोमोलोजिस्ट - १ जना

४. सर्भिलियन्स मेडिकल अधिकृत - १ जना

५. लेखा अधिकृत - १ जना

६. खरिद तथा आपूर्ति व्यवस्थापन अधिकृत - १ जना

७. अनुगमन र मूल्याङ्कन तथा डकुमेन्टेसन अधिकृत - १ जना

८. प्रशासन/कार्यक्रम सहायक - १ जना

९. सहयोगी कर्मचारी - १ जना

१०. ग्रामीण औंलो कार्यकर्ता - १४ जना

**(ङ) सातै प्रदेशस्थित प्रदेश स्वास्थ्य निर्देशनालय र प्रदेश जनस्वास्थ्य प्रयोगशालामा रहने कर्मचारी विवरण**

१. सर्भिलेन्स मेडिकल अधिकृत -१ जना

२. माईक्रोबायोलोजिस्ट/ल्याब अधिकृत -१ जना

३. एन्टोमोलोजिस्ट -१ जना

४. कार्यक्रम अधिकृत (एच.आई.भी., क्षयरोग र मलेरिया) -१ जना

५. अनुगम, मूल्याङ्कन र आपूर्ति व्यवस्थापन सहायक -१ जना

नेपाल सरकार
स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय
रामशाहपथ, काठमाडौं

अनुसूची-२

(दफा ३ को उपदफा (१०) सँग सम्बन्धित)

स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय

ग्लोबल फण्ड मातहत सञ्चालन हुने कार्यक्रम संलग्न हुने जनशक्तिको तलब स्केल

| क्र.स. | कर्मचारीहरुको विवरण | संख्या | तलब स्केल |
|---|---|---|---|
| स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयमा रहने कार्यक्रम व्यवस्थापन इकाईमा रहने कर्मचारी विवरण | | | |
| १ | परियोजना निर्देशक | १ | ६०,४९० |
| २ | वित्त तथा अनुदान व्यवस्थापन विज्ञ | १ | ५६,७८७ |
| ३ | खरिद तथा आपूर्ति व्यवस्थापन विज्ञ | १ | ५६,७८७ |
| ४ | रणनीतिक सूचना, अनुगमन तथा मूल्यांकन विज्ञ | १ | ५६,७८७ |
| ५ | प्रशासन तथा कार्यक्रम सहायक | १ | ३७,७४३ |
| ६ | कार्यालय सहयोगी | १ | २६,०८२ |
| राष्ट्रिय एड्स तथा यौनरोग नियन्त्रण केन्द्रमा रहने कर्मचारी विवरण | | | |
| १ | कार्यक्रम संयोजक | १ | ५२,४१७ |
| २ | मेडिकल अधिकृत | १ | ४८,७३७ |
| ३ | लेखा अधिकृत | १ | ४८,७३७ |
| ४ | आपूर्ति व्यवस्थापन अधिकृत | १ | ४८,७३७ |
| ५ | स्टोर अधिकृत | १ | ४८,७३७ |
| ६ | आपूर्ति व्यवस्थापन सहायक | २ | ३७,७४३ |
| ७ | रणनीतिक सूचना/अनुगमन र मूल्याङ्कन अधिकृत | २ | ४८,७३७ |
| ८ | आई.टि. ईन्जिनियर | १ | ४८,७३७ |
| ९ | कार्यक्रम सहायक | १ | ३७,७४३ |
| १० | प्रशासन सहायक (कार्यालय सहयोगी) | २ | २६,०८२ |
| ११ | सवारी चालक | ३ | २६,०८२ |
| राष्ट्रिय क्षयरोग नियन्त्रण केन्द्रमा रहने कर्मचारी विवरण | | | |
| १ | कार्यक्रम संयोजक | १ | ५२,४१७ |
| २ | माइक्रोबायोलजिस्ट | १ | ४८,७३७ |
| ३ | ल्याबोरेटोरी टेक्नोलोजिष्ट | २ | ४८,७३७ |
| ४ | बायो मेडिकल इक्यूपमेन्ट अधिकृत | १ | ४८,७३७ |
| ५ | आई.टि र डाटाबेस अधिकृत | १ | ४८,७३७ |
| ६ | लेखा अधिकृत | १ | ४८,७३७ |
| ७ | खरिद तथा आपूर्ति व्यवस्थापन अधिकृत | १ | ४८,७३७ |
| ८ | डकुमेन्टेशन र रिपोर्टिङ अधिकृत | १ | ४८,७३७ |
| ९ | सवारी चालक | २ | २६,०८२ |

| क्र.स. | कर्मचारीहरुको विवरण | संख्या | तलब स्केल |
|---|---|---|---|
| १० | कार्यालय सहयोगी | १ | २६,०८२ |
| ११ | प्राविधिक अधिकृत (राष्ट्रिय जनस्वास्थ्य प्रयोगशाला अन्तर्गत रहने गरी) | २० | ३४,७३० |
| १२ | डाटा अधिकृत (राष्ट्रिय जनस्वास्थ्य प्रयोगशाला अन्तर्गत रहने गरी) | ८ | ३७,७४३ |
| ईपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखामा रहने कर्मचारी विवरण | | | |
| १ | कार्यक्रम संयोजक | १ | ५२,४१७ |
| २ | माईक्रोबायोलोजिस्ट | १ | ४८,७३७ |
| ३ | एन्टोमोलोजिस्ट | १ | ४८,७३७ |
| ४ | सर्भिलियन्स मेडिकल अधिकृत | १ | ४८,७३७ |
| ५ | लेखा अधिकृत | १ | ४८,७३७ |
| ६ | खरिद तथा आपूर्ति व्यवस्थापन अधिकृत | १ | ४८,७३७ |
| ७ | अनुगमन र मूल्याङ्कन तथा डकुमेन्टेसन अधिकृत | १ | ४८,७३७ |
| ८ | प्रशासन/कार्यक्रम सहायक | १ | ३७,७४३ |
| ९ | सहयोगी कर्मचारी | १ | २६,०८२ |
| हरेक प्रदेशमा रहने कर्मचारी विवरण | | | |
| १ | सर्भिलेन्स मेडिकल अधिकृत | ७ | ४८,७३७ |
| २ | माईक्रोबायोलोजिस्ट/ल्याब अधिकृत | ७ | ४८,७३७ |
| ३ | एन्टोमोलोजिस्ट | ७ | ४८,७३७ |
| ४ | कार्यक्रम अधिकृत (एच.आई.भी., क्षयरोग र मलेरिया) | ७ | ४८,७३७ |
| ५ | अनुगम, मूल्याङ्कन र आपूर्ति व्यवस्थापन सहायक | ७ | ३७,७४३ |
| | जम्मा | १०६ | |

नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
रामशाहपथ, काठमाडौं

अनुसूची - ३

(दफा ३ को उपदफा (४) सँग सम्बन्धित)

स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय

**ग्लोबल फण्ड कार्यक्रम सञ्चालनका लागि कर्मचारी करारमा सेवा लिने सम्बन्धी सूचना**

(सुचना प्रकाशित मिति : २०८ /   /   )

ग्लोबल फण्ड कार्यक्रम सञ्चालनका लागि स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयमा रहने कार्यक्रम व्यवस्थापन इकाई, राष्ट्रिय एड्स तथा यौनरोग नियन्त्रण केन्द्र, राष्ट्रिय क्षयरोग नियन्त्रण केन्द्र, ईपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखा, राष्ट्रिय जनस्वास्थ्य प्रयोगशाला, सातै प्रदेशस्थित प्रदेश स्वास्थ्य निर्देशनालय र प्रदेश जनस्वास्थ्य प्रयोगशालामा काम गर्ने गरी देहायका पद र संख्यामा तोकिएको योग्यता भएका कर्मचारी करार सेवामा राख्नु पर्ने भएकाले योग्यता पुगेका नेपाली नागरिकहरुले यो सूचना प्रकाशित भएको मितिले ७ दिन भित्र आवेदन दिनु हुन सम्वन्धित सवैको लागि यो सूचना प्रकाशन गरिएको छ। यसको फाराम, कार्य-विवरण, पारिश्रमिक, सेवाका शर्तहरु सहितको विस्तृत विवरण मन्त्रालयको वेवसाइट www.mohp.gov.np बाट उपलब्ध हुनेछ।

| पदको नाम | माग गरिएको संख्या | पदको लागि आवश्यक योग्यता | काम गर्ने कार्यालय |
|---|---|---|---|
| | | | |
| | | | |

**दृष्टव्य: हरेक पदको लागि आवश्यक न्यूनतम योग्यता ग्लोबल फण्ड कार्यक्रम सञ्चालनका लागि कर्मचारी व्यवस्थापन सम्बन्धी निर्देशिका, २०८१ को दफा ८ (१) मा उल्लेख भएअनुसार हुनेछ। हरेक पदको लागि आवश्यक कार्य अनुभव विज्ञापनको बेला स्पष्ट रूपमा खुलाउनुपर्नेछ।*

**आवेदनसाथ संलग्न गर्नुपर्ने:** उम्मेदवारको व्यक्तिगत विवरण (CV), शैक्षिक योग्यताको प्रतिलिपि, नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि, अनुभवको प्रतिलिपि तथा प्रचलित नेपाल कानून बमोजिम विभिन्न काउन्सिल वा परिषद् वा अन्यमा दर्ता भएको प्रमाणित प्रतिलिपि (लागू हुने हकसम्म), माग गरेबमोजिम अन्य सम्बन्धित कागजातहरू

नेपाल सरकार स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय रामशाहपथ, काठमाडौं

हालसालै खिचेको पासपोर्ट साईजको पुरै मुखाकृति देखिने फोटो राखे

# अनुसूची - ४

(दफा ३ को उपदफा (५) सँग सम्बन्धित)

स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय

## ग्लोबल फण्ड कार्यक्रम सञ्चालनका लागि कर्मचारी करारमा सेवा लिने सम्बन्धी

## दरखास्त फाराम (अनलाईन ढाँचामा तयार गरिने)

**(क) वैयक्तिक विवरणः**

| | | | | | |
|---|---|---|---|---|---|
| | नाम थरः | (देवनागरीमा) | | | |
| | | (अंग्रेजी ठूलो अक्षरमा) | | लिङ्गः | |
| | नागरिकता नं: | | जारी गर्ने जिल्ला : | मिति : | |
| स्थायी ठेगाना | क) जिल्लाः | ख) न.पा./गा.वि.स. | | ग) वडा नं. | |
| | घ) टोल : | ङ) मार्ग/घर नं. : | | च) फो नं. | |
| पत्राचार गर्ने ठेगाना : | | | | ईमेलः | |
| बाबुको नाम, थर : | | जन्म मिति : | (वि.सं.मा) | (ईस्वि संवतमा) | |
| बाजेको नाम, थर : | | | हालको उमेर : | वर्ष | महिना |

**(ख) शैक्षिक योग्यता/तालिम (दरखास्त फाराम भरेको पदको लागि चाहिने आवश्यक न्यूनतम शैक्षिक योग्यता/तालिम मात्र उल्लेख गर्ने):**

| आवश्यक न्यूनतम योग्यता | विश्वविद्यालय/बोर्ड/तालिम दिने संस्था | शैक्षिक उपाधि/तालिम | संकाय | श्रेणी/प्रतिशत | मूल विषय |
|---|---|---|---|---|---|
| शैक्षिक योग्यता | | | | | |
| | | | | | |
| तालिम | | | | | |

**(ग) अनुभव सम्बन्धी विवरणः**

| कार्यालय | पद | अवधि | |
|---|---|---|---|
| | | देखि | सम्म |
| | | | |
| | | | |

मैले यस दरखास्तमा खुलाएका सम्पूर्ण विवरणहरु सत्य छन् । दरखास्त बुझाएको पदको सूचनाको लागि अयोग्य ठहरिने गरी कुनै सजाय पाएको छैन। कुनै कुरा ढाँटे वा लुकाएको ठहरिएमा प्रचलित कानून बमोजिम सहनेछु/बुझाउनेछु । उम्मेदवारले पालना गर्ने भनी प्रचलित कानून तथा यस दरखास्त फारामका पृष्ठहरुमा उल्लेखित सबै शर्त तथा नियमहरु पालना गर्न मन्जुर गर्दछु। साथै करारमा उल्लेखित शर्तहरु पूर्ण रुपमा पालना गर्नेछु र करारको समयभन्दा अगावै करारको अन्त्य गर्दा कम्तिमा ३ महिनाको पूर्व सूचना दिई कार्यालयमा निवेदन दिनेछु।

| |
|---|
| उम्मेदवारको दस्तखतः |
| मितिः |

नेपाल सरकार स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय रामशाहपथ, काठमाडौं

अनुसूची - ५

(दफा ५ को उपदफा (२) सँग सम्बन्धित)

स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय

**करार सम्झौता ढाँचा**

स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय, (यसपछि पहिलो पक्ष भनिएको) र ........................ जिल्ला, ..................नगरपालिका/गाउँपालिका, वडा नं. ..... बस्ने श्री ............................(यसपछि दोश्रो पक्ष भनिएको) का बीच ग्लोबल फण्ड कार्यक्रम सञ्चालनका लागि ................................(...........) को पदमा कामकाज गर्न गराउन मिति २०८.. /......./...... को पदपूर्ति तथा सिफारीश समितको निर्णय अनुसार तोकिएको कार्य/शर्तको अधिनमा रहि दोश्रो पक्षले पहिलो पक्षलाई सेवा उपलब्ध गराउन मन्जुर भएकाले यो करारको सम्झौता गरी एक/एक प्रति आपसमा बुझि लियौं दियौं:

१. **कामकाज सम्बन्धमा** : दोस्रो पक्षले आफुलाई तोकिएको संलग्न कार्य विवरण अनुसारको कार्य पहिलो पक्षले तोकेको समय र स्थानमा उपस्थित भई गर्नु पर्नेछ र आवश्यकतानुसार थप काम गर्नु पर्नेछ।

२. **काम गर्ने कार्यालयः**...............................................................................................।

३. **करारमा काम गरे बापत पाउने पारिश्रमिकः** ग्लोबल फण्ड कार्यक्रम सञ्चालनका लागि कर्मचारी व्यवस्थापन सम्बन्धी निर्देशिका, २०८१ को अनुसूची-२ मा उल्लेख भएबमोजिम हुने।

४. **आचरणको पालनाः** दोश्रो पक्षले ग्लोबल फण्ड कार्यक्रम सञ्चालनका लागि कर्मचारी व्यवस्थापन सम्बन्धी निर्देशिका, २०८१ मा उल्लेख भएका तथा प्रचलित कानूनमा ब्यवस्था भएका आचरण तथा अनुशासन सम्बन्धी व्यवस्थाहरु पालना गर्नु पर्नेछ।

५. **कार्यालय सम्पत्तिको सुरक्षाः** दोस्रो पक्षले कार्यालयको चल अचल सम्पत्तिको नोक्सानी वा हिनामिना गरेमा सो को क्षतिपूर्ति वा हानी नोक्सानीको बिगो दोश्रो पक्षले पहिलो पक्षलाई दिनु पर्नेछ।

६. **गोपनियताः** दोस्रो पक्षले कार्यालयको कागजपत्र, जिन्सी सामान एवं गोप्य कुरा वा कागजात कुनै अनधिकृत व्यक्ति, संस्था वा देशलाई उपलब्ध गराएको प्रमाणित भएमा दोस्रो पक्षलाई करारबाट निलम्बित गरी सोबाट भएको हानी नोक्सानीको क्षतिपूर्ति दोश्रो पक्षबाट भराईनेछ र कालो सूचीमा समेत राखिनेछ।

७. **करार अवधिः** यो करार २०८...।...।...देखि लागु भई २०८.।..।... सम्मको लागि हुनेछ।

८. **प्रचलित कानून लागू हुनेः** यस संझौतामा उल्लेख नभएको कुरा प्रचलित नेपाल कानून बमोजिम हुनेछ।

<u>मन्त्रालयको तर्फबाट :</u>

हस्ताक्षर :

नाम :

पद :

कार्यालयको छापः

<u>दोस्रो पक्ष (करार गर्ने व्यक्ति):</u>

हस्ताक्षर :

नाम :

ठेगाना :

नेपाल सरकार स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय रामशाहपथ, काठमाडौं

अनुसूची - ६

(दफा ५ को उपदफा (२) सँग सम्बन्धित)

स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय

**करार पत्रको ढाँचा**

स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय

रामशाहपथ, काठमाडौं।

मितिः

च.नं.

प.सं.

श्री ........................................,

ठेगाना .........................

विषयः <u>करार सम्बन्धमा ।</u>

तपाईलाई मिति २०८...।....।... को पदपूर्ति तथा सिफारिस समिति निर्णय बमोजिम ........................... (पदको नाम वा काम) का लागि यसैसाथ संलग्न करार (सम्झौता) बमोजिम मिति २०८....।....।... देखि २०८....।.....।.... सम्म करारमा राखिएको हुँदा संलग्न कार्यशर्त अनुरुप आफनो काम इमान्दारीपूर्वक र व्यवसायिक मूल्य मान्यता अनुरुप गर्नुहुन जानकारी गराइन्छ ।

साथै आफ्नो काम कर्तव्य पालना गर्दा प्रचलित कानूनले तोकेबमोजिम कर्मचारीले पालना गर्नुपर्ने आचार संहिता र आचरणको समेत परिपालना हुन जानकारी गराइन्छ ।

.....................

.........अधिकृत

<u>बोधार्थः</u>

श्री................. कार्यालय